नील हिरा
# आवाज
वर्ष १ अंक १



## सुनिल बाबु पन्तको सन्देश

श्री क्षेत्रीय तथा जिल्ला कार्यालयका मित्रहरु,

हामीलाई यस बुलेटिन तपाईंसमक्ष लिएर आउन पाउंदा निकै खुशी लागेको छ । लामो समयपछि निल हिरा समाज र नेपालका विभिन्न जिल्लामा रहेका हाम्रा साझेदारी संस्थाहरूले उठाएका मानवअधिकारका मुद्दाहरू तथा गरेका कार्यक्रमहरूलाई यसरी बुलेटिनको रूप दिएर यहाहरूं समक्ष आएका छौं । हाम्रा साहसिक र प्रभावकारी कार्यक्रमहरू समाजका अन्य अंगहरू जस्तो संचारमाध्यम, राजनैतिक दल, सरकारी तथा गैरसरकारी निकाय, सुरक्षाकर्मी, न्यायकर्मी, वकिल आदी व्यावसायिक समुहसंग मिलेर, यौनिक तथा लैंगिक अल्पसंख्यकको विषयमा बुझाउन सफल देखिएका छन् । हाम्रो अनुभव पनि रहेको छ कि हामी आफैमा मात्र सिमित भएर अथवा यौनस्वास्थको माध्यमबाट मात्र चिनिनु हुंदैन । हामी अन्य नागरिक सरह समग्र विषय, सन्र्दभ र काममा निपुर्ण छौं भन्ने सन्देश दिन सक्नु पर्छ । हालका केही वर्षहरूमा हाम्रा जिल्लाका साथीहरूले त्यो कुरा सिद्ध पनि गरिसक्नु भएको छ । हामी उहांहरूको "यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको मानवअधिकार संर्बधन र प्रबर्धन गर्ने प्रयासका" सराहना गर्दछौं । साथै हाम्रा मुद्दा तथा सवालहरूलाई जनतामामाझ ल्याई हाम्रो अस्तित्वलाई उजागर गर्न सहयोग गर्नु हुने सम्पुर्ण संचारकर्मीलाई र हाम्रा सवालहरूलाई सकरात्मक रूपमा लिइदिनु हुने राज-नैतिक दल, जनसमुदाय, मानवअधिकार कर्मी तथा सम्पुर्ण सरकारी र गैरसरकारी संस्थाका प्रतिनिधीहरूलाई हार्दिक धन्यबाद दिन चाहान्छु ।

सुनिल बाबु पन्त
कार्यकारी निर्देशक
निल हिरा समाज

## संविधानसभा सदस्यहरुलाई सुझाव पेश

बाँके, नेपालगञ्जः तेश्रो लिंगीहरूले आगामी संविधानमा आफुहरूको अधिकार सुनिश्चित गर्न माग देशव्यापीरूपमा अभियान नै चलाएका छन् । निल हिरा समाजका नेपाल अधिराज्यभरिका साझेदार संस्थाहरूले उक्त अभियान छेडेका छन् । यसै सिलसिलामा नेपालगञ्जको पश्चिम तारा नेपालले बैशाख ६ मा आयोजना गरेको कार्यक्रममा समाजबाट अपहेलित, राज्यबाट उपेक्षित तेश्रो लिंगीहरूले अब बन्ने संविधानमा शिक्षा, स्वास्थ्य र रोजगारको व्यवस्था, पहिचान अनुसारको नागरिकता, इच्छा लागेको व्यक्तिसंग विवाह गर्न पाउनु पर्ने, धर्म पुत्र वा पुत्री राख्न पाउनु पर्ने, पुरुष पुरूषविचको यौन सम्बन्धलाई मान्यता दिनु पर्ने, सार्वजनिक स्थल जस्तोः शौचालय, अस्पताल आदिमा महिला पुरूष जस्तै तेश्रो लिंगीलाई पनि छुट्टै व्यवस्था हुनु पर्ने, तेश्रो लिंगीलाई आरक्षण, शिक्षा र दक्षता अनुसारको रोजगारको व्यवस्था र सिप विकासको लागी शिपमुलक तालिमको



व्यवस्था गर्ने आदी मागहरू उक्त कार्य-क्रममा उपस्थित सभासद, विभिन्न राज-नैतिक दलका नेताहरू र संचारकर्मीसंग प्रस्तुत गरेका थिए ।

# मानवअधिकार न्यूज डेस्क

## यौनिक तथा लैंगिक अल्पसंख्यक महासंघ र नील हिरा समाजका जिल्लामा स्थित शाखा कार्यालय अर्न्तगत भएका गतिविधि

### लोकतन्त्र दिवसमा निल हिरा समाजको ¥याली




नेपालमा प्रथमपटक लोकतन्त्र स्थापना भएको दिनलाई यौन तथा लैंगिक अल्पसंख्यक समुदायले मानवअधिकार विकास र संबर्धनको लागी उपर्युक्त व्यवस्थाको रूपमा मानेको छ । यसै सन्दर्भमा काठमाडौको टुंडिखेलमा २०६६ साल बैशाख ११ गते लोक-तन्त्र दिवसको उपलक्ष्यमा आयोजित सार्वजनिक ¥यालीमा काठमाडौ उपत्यकामा अवस्थित निल हिरा समाजका साझेदारी संस्थाहरू ऋुज एड्स, परिचय समाज, यौन तथा लैंगिक अल्पसंख्यक महासंघ, भक्तपुर DIC, कलंकी DIC तथा चावहिल DIC का प्रतिनिधीहरू सहभागी भएका थिए । लोकतन्त्र स्थापना पश्चात नै यौन तथा लैंगिक अल्पसंख्यक समुदायका आवाजहरू विभिन्न राजनैनिक पार्टीहरू, संचारमाध्यम, मानवअधिकारवादी संघसंस्थाहरू, स्वयं सरकार समक्ष बुलन्द हुने अवसर पाएको छ ।

### यौनिक तथा लैंगिक अल्पसंख्यक समुदाय मजदुर दिवस ¥यालीमा




"रूपान्तरणको लागी एकता" भनी यस वर्षको उद्घोष गर्दै १२० औं अर्न्तराष्ट्रिय मजदुर दिवसको उपलक्ष्यमा विभिन्न राज-नैतिक दल, नागरिक समाज, ट्रेड युनियन आदी सम्मिलित सार्वजनिक ¥यालीमा निल हिरा समाज, परिचय समाज, ऋुज एड्स, यौनिक तथा लैंगिक अल्पसंख्यक महासंघ नेपाल, भक्तपुर DIC, कलंकी DIC, चावहिल DIC का प्रतिनिधिहरू महिला तथा पुरूष सरह तेश्रो लिंगीलाई पनि समान ज्यालाको नारा उरालेर सडकमा उत्रेका थिए । सहभागी यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायले विश्वभरका मजदुरविच एकतामा एक्यबद्धता जनाएका थिए ।

### मानवकल्याण समाजलाई सुनसरी जिविसको सहयोग

सुनसरी, इटहरिः निल हिरा समाजको पुर्वाञ्चलमा स्थित साझेदारी संस्था मानवकल्याण समाजले सुनसरी जिल्ला विकास समितीले आ.व. २०६५/२०६६ मा यौन तथा लैंगिक अल्पसंख्यक समुदायलाई छुट्टयाईएको बजेट रू ५०,०००/- प्राप्त गरेको छ । मानव कल्याण समाजको कार्यकारी समितीको बैठकले करिब २० जना यौन तथा लैंगिक अल्पसंख्यक समुदायलाई आधारभुत कम्प्युटर तालिम प्रदान गर्ने निर्णय गरेको छ । यसको लागी इटहरीको अफउगतभच उयष्लत तालिम केन्द्रसंग सम्झौता पनि भईसकेर तालिम पनि संचालन भईरहेको छ भने बांकी र कमले कार्यालयको लागी ल्यापटप खरीद गर्ने निर्णय गरी जिविसलाई पत्र लेखेको छ । मानव कल्याण समाजले जिविस र नगरपालिकासंग आफ्नो कार्यालयको लागी जग्गाको पनि माग गरेको छ । यसरी सरकारी निकायबाट थोरै भएपनि सहयोग पाउंदा त्यस भेगका यौनिक तथा लैंगिक अल्पसंख्यक अत्यन्त हर्षित भएका छन् ।



### क्रियाशील विरगञ्ज

विरगञ्ज, पर्साः नील हिरा समाजको विरगञ्ज शाखा, सहयात्री समाज नेपालका यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका सदस्यहरू लोकतन्त्र दिवसको उपलक्ष्यमा विभिन्न राजनैतिक दल, नागरिक समाज, सरकारी कर्मचारी, स्कुल तथा कलेजका विद्यार्थीहरू र सभासदहरू सम्मिलित सार्वजनिक ¥यालीमा सहभागी भएका थिए । उक्त ¥यालीमा प्रमुख र ाजनैतिक दलका नेता, नागरिक समाजका प्रतिनिधी, सभासदहरूले लोकतन्त्रको बारेमा मन्तव्य दिएका थिए भने सहयात्री समाजका कुमार तिमिल्सिनाले पनि करिब ५ मिनेट जति यौन तथा लैंगिक अल्पसंख्यक समुदायको मानवअधिकार, स्वतन्त्रता र समानताको हकबारे आफ्नो मन्तव्य राखेका थिए ।

## संगै बसेको आरोपमा महिला समलिंगी माथी कुटपिट

चितवन, नारायणगढः निल हिरा समाजको चितवन शाखा मानव सचेत समाज र साईनो नेपालले समलिंगी जोडीलाई कुटपिट गरेका भन्दै यसका दोषीहरू जर्नादन दाहाल र उनकी श्रीमति प्रमिला दाहाललाई प्रशासन समक्ष पत्रकार सम्मेलन गरी कारबाहीको माग गरेको छ । पदमपुर गाविसका समलिंगी जोडी सुमन चापाङ्ग र विष्णु चापाङ्गलाई अपशब्द प्रयोग गरी कुटपीट गरेको भनेर समलिंगी जोडीहरूले दुखेसो पोखेका थिए । समाजमा समलिंगी-लाईहरूलाई आफ्नै घर, परिवार तथा राज्यले अझै पनि स्वीकार गर्न नसकेकोले गर्दा भिन्न पहिचान बोकेका तेश्रो लिंगी तथा समलिंगीहरू विभेद र लांछनाको शिकार हुनु परेका कुरा सोही सम्मेलन मार्फत व्यक्त गरेका थिए । यस घटनाको निल हिरा समाज परिवार, साईनो नेपाल लगायत संयुक्त यौनिक तथा लैङ्गिक अल्पसंख्यक समूदायले घोर भर्सना गरेका र पिडकलाई कारबाही गर्न तथा पिडीतलाई क्षतिपूर्ति दिन पनि माग गरेको छ । घरेलु हिंसाको अन्त्य गर्न भर्खरै घरेलु हिसां कसुर सजाय २०६६ ल्याईएको यो विधेयक संगै यस्ता घटना बढेर जानुले सम्पुर्ण यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायलाई अत्यन्तै चिन्तीत बनाएको कुरा प्रेस विज्ञप्तिमा उल्लेख छ ।

यसै गरि फाल्गुन ७, २०६५ मा भएको समलिंगी तथा तेश्रो लिंगीहरूको राष्ट्रिय भेलाले पनि करिब १२ जना सभासदहरूलाई सुनाई ती सुझावहरू हस्तान्तरण गरेको थियो । देशका पांचै विकास क्षेत्रका प्रतिनिधित्व गरी सहभागी भएका विभिन्न २० शहरबाट २ सयको हाराहारीमा चितवनमा भेला भएका यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायले आफ्ना १२ बुंदे मागहरू पेश गरेका थिए ।

यी बाहेक पनि धनगढीको निल हिरा समाज, पोखराको नौलो विहानी, भैरहवाको मोनो म्यापल सर्पोट ग्रुप, विरगञ्जको सहयात्री समाज, इटहरिको मानव कल्याण समाज, जनकपुरको सुनाउलो विहानी, राजविराजको निल हिरा समाजले आफ्नो स्थानीयस्तरमा सभासद, मन्त्री तथा प्रभावशाली नेताहरू समक्ष आफ्ना सुझावहरू पेश गरेका थिए ।

---

## सिमान्तकृत समुदायले संविधानसभामा घोषणपत्र पेश गर्ने

CoCAS ले आयोजना गरेको बैशाख १४-१६ गते सम्मको ३ दिने छलफल कार्यक्रममा भक्तपुर DIC का तर्फबाट श्री ज्योति थापाले नेपालभरिका तेश्रो लिंगीहरूको प्रतिनिधित्व गरेकी थिइन् । होटेल मल्लमा आयोजित उक्त कार्यक्रममा नेपालका ७५ जिल्लाका अत्यन्त सिमान्तकृत समुदायका प्रतिनिधीहरू सहभागी भएका थिए । जसमा, महिला, दलित, जनजाती, मुसलमान, थरूहट, पासवान, वादी जस्ता सिमान्तकृत समुदायमा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको पनि प्रतिनिधीत्व थियो । उक्त कार्यक्रम विशेषतः समुदाय, जिल्लादेखि राष्ट्रियस्तरसम्म सिमान्तकृत समुदायको नयां बन्ने संविधानमा समेटिन पर्ने सवालहरूको संकलन र त्यसैको आधारमा घोषणपत्र तयार गर्ने कार्यक्रम थियो । उक्त छलफल कार्यक्रममा ज्योति थापाले यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको समस्याहरू र नयां बन्ने संविधानमा समावेश गरिने पर्ने प्रावधानहरूबारे प्रकास पारेकी थिईन् । छलफल कार्यक्रमले सम्पुर्ण सिमान्तकृत समुदायलाई प्रतिनिधित्व गर्दै घोषणा पत्र तयार गरेको थियो ।

---

## कैलाली, धनगढी

निल हिरा समाज धनगढीले आफ्नै कार्यालयको हलमा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको मानवअधिकार विषयक एडभोकेसी कार्यक्रम संचालन गर्‍यो । यस कार्यक्रमको मुल उद्धेश्य कार्यालयले गरेका गतिविधी र यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको विषयबारे विभिन्न मानवअधिकारवादी संस्थाहरू जस्तो OHCHR, NHRC, WHRDN, गैरसरकारी संस्थाहरूको महासंघ, महिला मानवअधिकार रक्षकहरू र संचार माध्यममाझ जानकारी गराउनु रहेको थियो । कार्यक्रममा निल हिरा समाजका प्रतिनिधीहरूले यौनिक तथा लैंगिक अल्पसंख्यक समुदाय अत्यन्त सिमान्तकृत वर्ग रहेका र उनीहरू समाजमा विभेद र थिचोमिचोको शिकार रहेका जानकारी गराए । यी समुदाय धनगढीमा उल्लेख्य संख्यामा रहेको व्यक्त पनि उनीहरूले गरे । उक्त छलफल कार्यक्रमकै मध्यान्तरमा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदाय र उनीहरूको यौन स्वास्थ्यमा आधारित वृत्तचित्र "देखे जस्तो होइन जिवन" को पनि प्रदर्शन गरिएको थियो । त्यसपछि पुरूष तथा महिला समलिंगी, तेश्रो लिंगी, अन्तरलिंगी, दुइलिंगी र उनीहरूको मानव-अधिकारका सवाल र यौनस्वास्थ्यबारे अर्न्तकृया भएको थियो । निकै जिज्ञासाहरू पनि प्रकट भएका थिए । समुदायका साथीहरूले ती जिज्ञासाहरूलाई प्रष्ट पारेका थिए । सहभागीहरूले छलफल कार्यक्रम र यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका सवालहरूलाई सकरात्मक रूपमा लिएको जानकारी गराएका थिए ।

> **"यौनिक तथा लैंगिक अल्पसंख्यक नागरिकको पनि शिक्षा, स्वास्थ्य, रोजगार, आवास तथा खाद्य सुरक्षा जस्ता मौलिक अधिकारको प्रत्याभुत राज्यले तुरुन्त गरोस् ।"**
> – नील हिरा समाज

## सम्पादकीय

लामो समयको अन्तराल पछि निल हिरा समाज यस बुलेटिन मार्फत फेरी पनि आफ्ना नेपालका पांचै विकास क्षेत्रमा छरिएर रहेका साझेदारी संस्थामाझ आएको छ । अनौपचारिक रुपमा निल हिरा समाजले के के काम गर्‍यो तथा जिल्लाका संस्थाहरुले के के काम गरे भन्ने कुरा हामी हामी विचमा संवाद त भईनै रहन्थ्यो । तर ती कामहरू, सकृयताहरू र जिल्लाका साझेदारी संघ संस्थाहरुले स्थानीय-स्तरमा कमाएको सामाजिक पुंजीलाई लेखोटको रूपमा ढाल्ने काम भने निकै कम हुने गरेको सर्न्दभमा यस बुलेटिनले उक्त रिक्त स्थान लिने आशा गरेका छौं । यसबाट हामीलाई दुइवटा कुराको फाइदा हुनेछ । पहिलो, हाम्रो बारेमा र हामीले गरेका साहसिक कामहरूको बारेमा अन्य संघसंस्था-हरूले जानकारी लिन पाउनेछन् । यसले गर्दा सम्बन्ध विस्तार गर्न पनि सजिलो हुन्छ । राम्रा र अनुकरणीय कामहरूको लेखाजोखा र मुल्यांकन पनि हुन्छ । दोश्रो, हामीलाई पनि भविष्यमा कार्यक्रमका रणनितीहरू तय गर्न सजिलो हुन्छ । यस बुलेटिनमा हामीले सकभर नेपालभरिका हाम्रा साझेदारी संस्थाहरुको गतिविधीहरूलाई समेट्ने प्रयास गरेका छौं । कुनै संस्थाको बारेमा गतिविधीहरू उल्लेख नहुनुको कारण समयमा आफ्ना रिपोर्टहरू नपठाउनुले गर्दा भएको जानकारी गराउंछौं । उहांहरूले पठाउनु भएको गतिविधीको बारेमा हामीले आगामी बुलेटिनमा प्रकाशित गर्ने नै छौं । अन्तमा हामीलाई यस बुलेटिन प्रकासन गर्न आफ्ना गतिविधीहरू, फोटो, पत्रिकामा प्रकासित लेखहरू पठाई सहयोग गर्नु हुने जिल्लाका कार्यक्रम संयोजकहरू तथा कार्यक्रम अधिकृतहरू, सामुदायिक वकालतकर्ताहरू सबैलाई धन्यवाद दिन चाहान्छौं । साथै आगामी समयमा हामीलाई यसरी नै सहयोग गर्नुहुनेछ भनी कामना पनि गर्दछौं ।

**सम्पादक मण्डल**

## यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायबाट आफ्नो आवाज राष्ट्रपति समक्ष प्रस्तुत

काठमाडौः नयां संविधान निमार्णको प्रकृया अर्न्तगत आफ्नो हक अधिकार लाई संविधानमा समावेश गर्ने सिलसिलामा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका केहि प्रतिनिधिहरू नेपालका राष्ट्रपति डा. रामवरण यादवको राष्ट्रपति निवासमा २०६५ फाल्गुन १३ गतेका दिन करिब ८ बजेतिर डेलिगेसन गएका थिए । निती निमार्ण तहमा रहनु हुने प्रभावशाली उच्च व्यक्तित्वहरूलाई आफ्ना समस्या, मुद्दा तथा वास्तविकतालाई अझ मजबुत तरिकाले प्रस्तुत गर्ने सिलसिलामा राष्ट्रपति समक्ष यौन तथा लैंगिक अल्पसंख्यक समुदायका साथीहरू पुगेका थिए । करिब आधा घण्टाको भेटघाटका क्रममा समुदायका सदस्यहरूले आफ्नो अस्तित्व, आफुलाई समाज, परिवार तथा राज्यबाट हुने गरेका भेदभाव, वहिष्कार तथा थिचोमिचो लाई उजागर गरेका थिए । समुदायले राष्ट्रपतिलाई अब बन्ने संविधानमा यौनिक तथा लैंगिक अल्पसंख्यकका सवाललाई संवोधन गर्न पहल गरिदिनको लागी आग्रह गरेका थिए । राष्ट्रपति डा. रामवरण यादवले समुदायलाई सम्बन्धित ठाउं र व्यक्ति समक्ष समुदायको आवाजलाई उठान गरिदिने प्रतिवद्धता जाहेर गर्दै यसरी नै आफ्ना सवालहरूलाई अन्य निकायमा पनि प्रस्तुत गर्न सुझाव दिनु भएको थियो ।



## युवा घोषणा पत्र मार्फत समुदायको आवाज नयाँ बन्ने संविधानमा

युनाइटेड युथको युवा घोषणपत्र तयारीका लागी देश व्यापी अभियान अनर्तगत संविधानसभाद्धारा संविधान निर्माण प्रकृयामा युवा आवाज स्थानिय स्तर देखि संविधानसभासम्म कार्यक्रम युवा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको आवाजलाई पनि नयां बन्ने संविधानमा समावेश गर्न भनेर निल हिरा समाजको परिसर भवनमा बैशाख ६ गते सम्पन्न भएको थियो । युनाइटेड युथले विभिन्न तप्का, वर्ग, जात, लिंगका युवाहरूको संयुक्त आवाजलाई घोषणपत्रको स्वरुपमा त्याई संविधान सभाका अध्यक्ष, प्रधानमन्त्री, युवा तथा संस्कृति मन्त्रालय लगायत अन्य निकायमा पेश गर्ने योजना अर्न्तगत यसरी युवा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका आवाजलाई पनि समेट्न उक्त एक दिने छलफल कार्यक्रम संचालन गरेको थियो । करिब २० जना सहभागी रहेकोमा निल हिरा समाज, ऋुज एड्स, परिचय समाज, यौनिक तथा लैंगिक अल्पसंख्यक महासंघ तथा भक्तपुर DIC का प्रतिनिधिहरू रहेका थिए । छलफलबाट १५ बुंदे घोषणपत्र जसमा समुदायको आधारभुत मानवअधिकार लगायत नयां बन्ने संविधानमा समुदायको हक र हितको संरक्षण आदि तयार गरेर सबै सहभागीले हस्ताक्षर गरी युनाइटेड युथका अध्यक्ष श्री शंकर श्रेष्ठलाई हस्तान्तरण गरेका थिए ।




**नील हिरा समाज**
शिवभक्तिमार्ग ३४४, खुर्सानीटार, लाजिम्पाट, काठमाडौ, फोन नं ४४४३३५०, ४४४५१४७
website: www.bds.org.np, email: bluediamondsociety@yahoo.com
युरोपेली संघ